विराटनगर महानगरपालिका

बैठक संख्याः ७

मितिः २०७४/०६/०८

बैठक प्रारम्भः ९:०० बजे बिहान

बैठक स्थगनः १२:०० बजे ।

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |

| | | | |
|---|---|---|---|
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री दिपक कोइराला | |

निर्णय नं. १

विराटनगर महानगरपालिका क्षेत्रमा सञ्चालित नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त विभिन्न बैंक तथा वित्तिय संस्थाका प्रधान कार्यालय, क्षेत्रीय कार्यालय एवं शाखा कार्यालय सबैसँग आवश्यक समन्वय गरी सम्बन्धित संस्थाको खूद मुनाफाका आधारमा समग्र नेपाल राज्यमा गरिने संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility - CSR) अन्तर्गतको रकमको अनुपातमा विराटनगर महानगरपालिका कार्यक्षेत्रका बैंक तथा वित्तिय संस्थाका सम्बन्धित कार्यालयहरूको योगदान अनुरुप प्राप्त हुने उक्त CSR अन्तर्गतको रकमलाई एकिकृत रुपमा जम्मा गरी निम्न परियोजनाहरूमा खर्च गर्ने शर्तमा सम्बन्धित बैंक तथा वित्तिय संस्थाका विराटनगर स्थित कार्यालयहरूबाट **CSR** अन्तर्गतको रकम निकासा प्राप्त गर्नको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

परियोजनाहरू:

१) विराटनगर महानगरपालिका वडा नं. ७ स्थित विरेन्द्र सभागृहको जिर्णोद्धार र रिनोभेट गरी नगरको साँस्कृतिक प्रवर्द्धन गर्ने ।

२) न.पा. क्षेत्रका खोला किनारका बाढीबाट असुरक्षित सुकुम्बासी बस्तीहरूलाई एकिकृत नमुना बस्ती बनाई सुरक्षित स्थलमा स्थानान्तरण गरी नगरवासीहरूको जीउधनको सुरक्षा गर्ने ।

निर्णय नं. २

बिराटनगर महानगरपालिकामा सञ्चालित मझौला शहरको एकिकृत शहरी वातावरणीय सुधार परियोजना, परियोजना कार्यान्वयन इकाई (STIUEIP,PIU_ विराटनगर अन्तरगत निर्माण भइरहेको

Sewerage and Drainage Network, Waste Water Treatment Plant and Road & Lanes Improvement Sub project STIUEIP/W/BRT/ICB-01 कार्यको लगानी अनुपात अनुसार नेपाल सरकारको अनुदान ८१%, नगर विकास कोषको ऋण ११% र महानगरपालिका (तत्कालीन उपमहानगरपालिका) को म्याचिङ्ग फण्ड ८% रहेकोमा न.वि.कोष वाट लगानी हुने सम्झौता रकम रु. २,३९,१३,३२,११७।०७ को ११% ले हुने रु. २६,३०,४६,५७७।८६ वाट मिति २०७०।०८।०९ को न.पा. र न.वि.कोष विचको ऋण सम्झौता अनुसार निर्माण कार्य शुरु भइ सोहि अनुसार Contractor (CTCE- Kalika JV) लाइ IPC बमोजिम भुक्तानी भइरहेको छ । सम्झौता बमोजिम नगर विकास कोष वाट निर्माण कार्यको लागि प्राप्त हुने रकम रु.२६,३०,४६,५७७।८६ मध्ये IPC-25 सम्मको ठे. बिल भूक्तानीमा निजको लगानी अनुपात अनुसार रु.२६,१०,८७,३९४।०० अक्षरुपी छब्बीस करोड दश लाख सतासी हजार तीन सय चौरानब्बे निकासा समेत प्राप्त भइसकेको र रु.१९,५९,१८३।८६ मात्र निकासा हुन बाकी रहेको ।

निर्माणको क्रममा Drawing, Estimate, Existing Site Condition लगायतको कारण वाट निर्माण गर्नुपर्ने कार्यको स्विकृत VO-3 सम्मको रु. २,९५,६२,९०,५४२।७१ (सम्झौता रकमको २३.६२% थप) रहेको निर्माण कार्यको भुक्तानी PAM को Cost Sharing Arrangement अनुसार दिन लाइ TDF वाट उक्त रकमको को ११% रु. ३२,५१,९१,९५९।७० हुनेहुदा थप (३२,५१,९१,९५९।७० - २६,३०,४६,५७७।८६) रु.६,२१,४५,३८१।८४ (अक्षरुपी छ करोड एक्काइस लाख पैतालीस हजार तीन सय एकासी र चौरासी पैसा मात्र) रकमको ऋण सम्झौता गर्नु पर्ने भएको हुंदा न.वि.कोष संग थप ऋण सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ३

विराटनगर महानगरपालिकामा संचालित क्षेत्रीय शहरी विकास परियोजना (Regional Urban Development Project - RUDP) अन्तरगत निर्माण हूने RUDP/ICB/BRT/02: Construction and Completion of Sewerage, Drainage, Road Footpath and Road Furnishing Works को खाता संचालनकालागि नियमानुसार विराटनगर महानगरपालिकाका कार्यकारी अधिकृत, क्षेत्रीय शहरी विकास परियोजनाका परियोजना ब्यवस्थापक र परियोजना लेखा अधिकृतको संयुक्त दस्तखतवाट संचालन हुने गरि Biratnagar Metropolitan, RUDP, PIU को नाममा Global IME Bank Ltd, Biratnagar मा खाता खोल्ने निर्णय गरियो ।

निर्णय नं. ४

सामाजिक सुरक्षा भत्ता वापत नेपाल सरकारबाट प्राप्त हुने रकम ढिलो निकासा भएकोले लाभग्राहीहरूलाई बैंक मार्फत उक्त भत्ता वितरण गर्न वडा दशैं अगाडी नसक्ने व्यहोरा लाभग्राहीहरूको खाता रहेका बैंकका मेनेजरहरूसँगको बैठकबाट समेत निर्णय भएकोले सम्बन्धित वडा सचिवहरूको नाममा पेश्की निकासा दिई वडा अध्यक्ष तथा वडा समितिको समन्वयमा दशैं अगाडी नै प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्ने तथा वडा कार्यालय मार्फत भत्ता नबुझेका लाभग्राहीहरूको रकम सम्बन्धित लाभग्राहीहरूको बैंक खातामा वडा सचिव मार्फत जम्मा गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरूबाट दशैं खर्च वापत पारिश्रमिक पेश्की माग भई आएमा आ.व.२०७४/०७५ को वार्षिक वजेटको व.शि.नं.२.२.३ पदाधिकारी पारिश्रमिक शिर्षकबाट खर्च हुने गरी तपसिल बमोजिम पारिश्रमिक पेश्की दिने निर्णय गरियो ।

तपसिल:

१) वडा अध्यक्ष — रू.७५,०००।-

२) कार्यपालिका सदस्य — रू.५०,०००।-

३) वडा सदस्य — रू.१५,०००।-

**निर्णय नं. ६**

मझौला सहर एकिकृत सहरी वातावरणीय सुधार परियोजना (STIUEIP)/क्षेत्रीय सहरी विकास परियोजना (RUDP), परियोजना कार्यन्वयन इकाई विराटनगरमा परियोजना व्यवस्थापकको रुपमा कार्यरत उपेन्द्र प्रसाद बराल उमेर हदका कारण अनिवार्य अवकाश हुनुभएकोले यस महानगरपालिकाका वरिष्ठ ईन्जिनीयर एवं सो परियोजनामा विगत ७ वर्षदेखि कार्यरत ई.भरत कुमार न्यौपानेलाई (Project Administration Manual (PAM) मा भएको व्यवस्था एवं उहाँको योग्यता र अनुभवका आधारमा अर्को व्यवस्था नभएसम्मका लागि परियोजना व्यवस्थापक (Project Manager) मा नियुक्त गर्ने तथा उक्त नियुक्तिको जानकारी PCO (Project Coordination Office) पठाउने निर्णय गरियो ।